नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :
मिति :

# प्रेस विज्ञप्ति

आज मिति २०७३/७/२२ गते **www.onlinekhabar.com** मा प्रकाशित प्रधानमन्त्रीको मासिक खाजा खर्च ७ लाख भन्ने समाचार प्रति यस कार्यालयको गंभीर ध्यानाकर्षण भएको छ । आज यस कार्यालयको वेवसाइटमा राखिएको खर्च विवरण २०७३ श्रावण महिना देखिको भएको र उक्त खर्च निजामती सेवा दिवस सम्बन्धी बैठक, साप्ताहिक र अपर्झट रुपमा बस्ने मन्त्रिपरिषद् बैठक, राष्ट्रिय गौरवका आयोजनाहरुको वार्षिक समीक्षा बैठक, कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी बैठक, भौतिक पूर्वाधार विस्तार सम्बन्धी बैठक, मन्त्रिपरिषद् समिति तथा संवैधानिक निकायका बैठक (आर्थिक तथा पूर्वाधार, सामाजिक, प्रशासनिक विधेयक लगायतका) र प्र.म.निवास, वालुवाटारमा भएका बैठकहरूमा २०७३ श्रावण महिना देखिको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतमा समग्र रुपमा भएको खर्चको एकमुष्ट विवरण हो । तसर्थ, जनसाधारणमा भ्रम पैदा हुने किसिमबाट गलत सन्देश प्रवाह हुने गरी समाचार प्रवाह नगरीदिन हुन अनुरोध छ ।

२०७३ कार्तिक २२

(दामोदर रेग्मी)
सहसचिव/प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np